Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of
Tour & Travel Agents

NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

SWC Affiliation No.: 25285

मितिः २०७१/१२/२४

**प्रेस विज्ञप्ति**

**बन्दका विरुद्ध नाट्टा तथा जेटीसीसीको आव्हान**

३० दलीय गठबन्धनद्वारा आव्हान गरिएको चैत्र २४-२६ सम्मको तीन दिने आम हडताल र बन्दका कार्यक्रमबाट मुलुकले थेगी नसक्नु आर्थिक भार व्यहोर्नु पर्ने अवस्था र नेपालमा बामे सर्दै गरेको लोकतन्त्र उपर संकट आउन सक्ने प्रबल संभावना बढ्दै गएकोमा नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) तथा संयुक्त पर्यटन समन्वय समिति (जेटीसीसी) मा रहेका चालिस भन्दा बढी संघ-संस्थाहरुले चिन्ता व्यक्त गरेका छन् । गत संविधान सभा निर्वाचन-२ पश्चात् संविधान-सभाको निर्माण भै मुलुकले जनताको चाहना अनुसारको संविधान निर्माण तर्फ नगै संविधान-सभा भित्र बसेर सरकारलाई दवाब दिने नाममा मुलुकमा दलिय गठबन्धनले फेरि जन-इच्छा विपरित बन्द हडताल र चक्काजाम जस्ता माध्यमहरु अपनाएकोमा पर्यटन व्यवसायी गठबन्धन नेतृत्वसंग क्षुब्ध रहेको बताउंछन् । हिजो बन्द-हडताललाई सधैंका लागि बन्द गरौं भनि जन-समक्ष प्रस्तुत भएका राजनीतिक दलहरुले पुनः बन्द हडतालमा उत्रेर दैनिक ज्यालादारीमा बांचेका श्रमिक र मुलुकको आर्थिक मेरुदण्डको रुपमा रहेका पर्यटन क्षेत्र लगाएत विभिन्न उद्योग एंव कल-कारखानाहरुको योगदानको अवमूल्यन गरेका छन् साथै बन्द-हडताल विरुद्धको आफ्नो पूर्व प्रतिबद्धतालाई समेत पनि विर्सेको आरोप पर्यटन व्यवसायीहरुले लगाएका छन् । घोषित बन्द हडतालका कारण शान्तिभूमि नेपाल भ्रमणमा आउन चाहने कैयौं अंतराष्ट्रिय पर्यटकहरुले आफ्नो भ्रमण तालिका रद्द गरेका छन् र यो क्रम बढ्दै गई रहेको स्थिति छ ।

सम्पूर्ण देशवासीहरुको हितमा काम गर्ने र लोककल्याणकारी समाजको निर्माण गर्ने भनि आएका सम्पूर्ण ३० दलीय गठबन्धनलाई बन्द-हडतालको सिलसिला अबिलम्ब बन्द गरी मुलुकको संविधान तर्फ एकजुट भै सहमतिको वातावरण सृजना गर्दै छिटो भन्दा छिटो संविधान निर्माण गर्न नाट्टा तथा जेटीसीसीका तर्फबाट यसै विज्ञप्ति मार्फत् संयुक्त आव्हान गरिएको छ ।

डी.बी.लिम्बू
अध्यक्ष, नाट्टा तथा
संयोजक, जेटीसीसी

NATTA 1966 Together We can Achieve

........................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL
नेपाल चेम्बर NEPAL CHAMBER